जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
सं.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३१ अंक १०१ २०७८ साल कात्तिक २९ गते सोमबार (15 Nov. 2021 Monday) मूल्य रु. ५/-

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ब्याजदरका बारेमा ... ३ पृष्ठमा : किन बढिरहेको छैन ... ३ पृष्ठमा : सुरक्षा कारबाहीमा भारतको ...

# प्रधानन्यायाधीशविरुद्ध कानुन व्यवसायीहरुद्वारा प्रदर्शन





**दैनिक समाचारदाता**
**राजबिराज, २८ कात्तिक ।**

प्रधानन्यायाधीश चौलेन्द्र शमशेर जबराको बर्हिगमनसहितको माग गर्दै उच्च अदालत जनकपुर र जिल्ला अदालत राजबिराज परिसर अगाडी आइतबार कानुन व्यवसायीहरुले प्रदर्शन गरेका छन् ।

विकृतिविहीन, भ्रष्टाचारमुक्त, सक्षम र स्वतन्त्र न्यायपालिकाको मागसहित उच्च र जिल्ला अदालत बार एसोसिएशन राजबिराजको अगुवाईमा बिरोध प्रदर्शन गरिएको हो ।

कालो ब्यानर लिएर हातमा कालो पट्टी बाँधेर उभिएका कानुन व्यवसायीहरुले प्रधानन्यायाधीश जबराको राजीनामाको माग गर्दै प्रदर्शन गरेका थिए ।

बिहान साढे १० बजेबाट सुरु भएको विरोधको साढे ११ बजेसम्म चलेको थियो । बारको विरोधका कारण उक्त अवधिमा अदालतबाट हुने काम कारबाही रोकिएको थियो । त्यसपछि भने काम सुचारु भएको थियो ।

विरोध प्रदर्शन एक घण्टाका दरले तीन दिनसम्म चल्ने जिल्ला बार ईकाईका अध्यक्ष डोमन साहले जानकारी दिए ।

# कार दुर्घटनामा चारको मृत्यु

रौतहट, २८ कात्तिक (रासस) ।

रौतहटमा कार दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ ।

गौर-चन्द्रनिगाहपुर सडकखण्डको झुनखुनवा नजिकै शनिबार राति करिब १० बजेतिर भारतीय नम्बरको कार दुर्घटना हुँदा चार जनाको मृत्यु भएको हो ।

चन्द्रनिगाहपुरबाट गौरतर्फ आउँदै गरेको युके १२ सी २९०० नं को सुजुकी स्वीफ्टकार सडकबाट करिब २० मिटर तल पानी भरिएको खाल्डोमा खस्दा चार जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक नारायण चिमोरियाले जानकारी दिनुभयो ।

प्रहरीले घटनास्थलमा पुग्दा चारै जनाको मृत्यु भइसकेको थियो । गाडीमा चार जना सवार रहेको र चारै जनाको मृत्यु भइसकेको प्रहरीले जनाएको छ । मृतकको हालसम्म पहिचान खुल्न नसकेको तर उनीहरुको साथबाट फेला परेको कागजात अनुसार मृतक सबै भारतीय नागरिक भएको आधार देखिएको उहाँले जानकारी दिनुभयो ।

दुर्घटनाग्रस्त कारलाई राति नै प्रहरीले क्रेनको सहयोगले पानीबाट निकालेको छ । मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल गौर ल्याइएको प्रहरीले जनाएको छ । मृतकको पहिचान खुलाउनका लागि भारतीय प्रहरीसँग समन्वय भइरहेको र घटनाबारे थप

*बाँकी अन्तिम पृष्ठमा*

# रौतहटमा जारी यु १९ प्रदेशस्तरिय छनोट प्रतियोगितामा सप्तरीको बिजय सुरूवात

**दैनिक समाचारदाता**
**राजबिराज, २८ कात्तिक ।**




रौतहटमा जारी प्रदेश २ स्तरिय वाईवाई यु १९ एकदिवसिय क्रिकेट छनोट प्रतियोगितामा बारा लाई ४ बिकेटले पराजित गर्दै सप्तरीले बिजयी सुरूवात गरेको छ ।

आईतवार रौतहटको राईस मिल खेलमैदानमा टस जितेर बाराले २७ ओभरमा १० बिकेट गुमाई १ सय २७ रनको योगफल खडा गरेको थियो । जसमा निरज महरा ४७ रन, आदिल अंसारी ३१, निखिल सिँह १४ रन जोडेका थिए ।

सप्तरीका अजय यादबले घातक बलिँग गर्दै ८ ओभर मा ३२ रन खर्चेर ५ बिकेट लिएपछि बाराले ठुलो स्कोर बनाउन सकेन । यसैगरी अर्का बलर नितेश यादबले उत्कृष्ट प्रदर्शन गर्दै ३ बिकेट लिएका थिए भने बिबेक यादबले २ बिकेट हात पारेका थिए ।

प्रतिउत्तरमा सप्तरीले २१ ओभर ४ बल खेल्दै ६ विकेट गुमाएर उक्त लक्ष्य हासिल गरेको थियो । जसमा बिवेक यादबले उत्कृष्ट ब्याटिँग गर्दै अविजित ३३ रन, रोहन बिक २२, निरज यादब २१ र अमित यादब १७ रन जोडेका थिए । यता बलिँग तर्फ बाराका आदिल अंसारी ४ बिकेट र अरनिको यादबले १ बिकेट हात पारे ।

खेलको म्यान अफ दि म्याच सप्तरीका उदयमान खेलाडी अजय यादब म्यान अफ दि म्याच घोषित भएको सप्तरी क्रिकेट संघका सदस्य बिरेन्द्र यादबले जानकारी दिए ।

# एयर गनसहित एक पक्राउ

काठमाडौं, २८ कात्तिक (रासस) ।

नेपाल प्रहरीले एयर गनसहित एकजनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी प्रभाग कोटेश्वरको टोलीले एयरगनसहित कैलालीका २१ वर्षीय जीतेन्द्र नाथलाई शनिबार थापाथलीबाट पक्राउ गरेको हो ।

पक्राउ परेका नाथले कोठामा अवैध हातहतियार लुकाइ राखेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले कोठा तलासी गर्दा उक्त हतियार फेला पारेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरीले उक्त हतियार काठमाडौं महानगरपालिका-११ थापाथलीमा रहेको नाथको डेराबाट बरामद गरेको हो । पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# मुल्य बृद्धिको साइट इफेक्टप्रति ध्यान पुगोस्

मुल्य बृद्धिले अहिले नेपाली जनता निकै मारमा परेका छन् । एक महिना भित्रै तीन पटक पेट्रोलियम पदार्थमा भएको मूल्य बृद्धिले मध्यम वर्गका जनता झनै मारमा परेका छन् । अहिलेको समयमा पेट्रोल, डिजल, मटितेल, खाना पकाउने ग्यास दिनचर्याका लागि अत्याधिक आवश्यकताको रुपमा प्रयोग हुने गर्दछ । यी पदार्थको मुल्य बृद्धि भएपछि त्यसको असर सम्पूर्ण कुरामा परेको छ ।

जसले गर्दा सार्वजनिक यातायातको भाडा दर, हवाई यात्राको भाडा दर, ढुवानी सेवाको भाडादर लगायत सरोकार राख्ने सबै कुरामा मुल्य बृद्धि हुँदै जनतालाई निकै सास्ती व्होर्नु परेको छ । सीमित बजेटमा गर्नु पर्ने कार्यमा एक्कासी भएको मुल्य बृद्धिले दैनिकी बजेट समेतमा असर पुगेको छ । यति मात्र नभएर मुल्य बृद्धिको चेपेटमा हरियो तरकारी तथा दैनिकी रुपमा प्रयोग गरिने खाद्यान्न पनि परेको छ ।

यसरी एउटामा मुल्य बृद्धि भएपछि सो सँग सरोकार राख्ने सबै कुरामा बृद्धि हुनु स्वभाविकै हो । तसर्थ मुल्य बृद्धि गर्नु अघि जनतासँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कुराप्रति ध्यान राख्नु अति आवश्यक छ । अनि मात्र कुनै पनि कुरामा बृद्धि गर्नु न्यायोचित हुनेछ ।

# ब्याजदरका बारेमा केन्द्रीय बैंकको नयाँ व्यवस्था

काठमाडौं, २८ कात्तिक (रासस) । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव देखिएपछि आइतबार पुनः एकीकृत निर्देशन, २०७७ मा संशोधन गर्दै ब्याजदरबारे नयाँ सर्कुलर जारी छ ।

केन्द्रीय बैंकले यही कात्तिक ३ गते जारी गरेको निर्देशनलाई आज थप परिष्कृत र व्यवस्थित गरेको जनाएको छ । राष्ट्र बैंकले यसअघि बैंक तथा वित्तीय संस्थाले जुनसुकै प्रकारको निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्र परिवर्तन गर्न पाउने व्यवस्था गरेको थियो ।

आइतबार जारी भएको निर्देशनअनुसार इजाजत पत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा सम्बन्धित वर्गका सबै संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदरको औसत तथा न्यूनतम ब्याजदर (कल निक्षेपबाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्ने भएका छन् ।

यसरी ब्याजदर निर्धारण गर्दा कायम हुने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर सीमाभन्दा बढी हुन गएमा अधिकतम वा न्यूनतममध्ये एक दर कायम गरी अन्य दरहरु समायोजन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले कल डिपोजिट र संस्थागत मुद्दती निक्षेपबाहेक अन्य निक्षेपको हकमा प्रकाशित ब्याजदरमा शून्य दशमलव पाँच प्रतिशत विन्दुसम्म बढाउन सक्ने व्यवस्था भने खारेज गरेको छ ।

बोलकबोलका आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ तर बैंक तथा वित्तीय संस्थासँग रहेको निक्षेपलाई पूनः बोलकबोल गरी नवीकरण गर्नुपरेमा प्रकाशित ब्याजदरमा ०1 प्रतिशत विन्दुसम्म मात्रै थप गरी निक्षेप संकलन गर्न सकिनेछ ।

# पेट्रोलियम सामग्रीको प्रयोग कम गर्न विद्युतीय प्रयोग बढाऔँ : ऊर्जामन्त्री

काठमाडौं, २८ कात्तिक (रासस) । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधन, कलकारखाना एवं सामग्रीको प्रयोग कम गर्दै लैजाने नीतिलाई प्राथमिकता दिने बताउनुभएको छ ।

सामुदायिक रेडियो प्रसारक सङ्घ(एकोऱ्याब)ले आइतबार आयोजना गरेको 'विपद् र सामुदायिक रेडियो' विषयक अन्तरक्रियाँ कार्यक्रममा मन्त्री भुसालले अन्तर्राष्ट्रिय मञ्चमा नेपालले प्रतिबद्धता गरेको समयावधिभन्दा अगावै नेपालबाट पेट्रोलियम पदार्थको प्रयोग प्रतिस्थापन गर्न सकिने गरी योजना बनाउने बताउनुभयो ।

"विशेषज्ञ र सरोकारवालाई अध्ययन गराएर कार्ययोजना बनाउने छु । त्यसैले अब हामी सबैले विद्युतीय सवारी खरिद गरौँ", स्वदेशमै उत्पादन भएको विद्युत् खपत गर्दा व्यापारघाटा कम गर्न सकिने विश्वास व्यक्त गर्दै उल्लेख गर्दै उहाँले भन्नुभयो, "स्वदेशी उत्पादन प्रयोग गर्दा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणमा पनि मद्दत पुग्छ ।"

जलवायु परिवर्तनको असरलाई कम गर्नका लागि पनि हामीले विद्युतीय सामग्री प्रयोगमा बानी बसाल्नुपर्नेमा जोड दिँदै मन्त्री भुसालले भन्नुभयो, "हिउँ पग्लँदै छन्, हिउँपोखरीको जोखिम बढ्ने देखिएको छ । यस्ता जोखिम कम गर्न पनि हाम्रोतर्फबाट योगदान गरौँ ।" विकसित राष्ट्रले गरेको गल्तीका कारण जलवायु परिवर्तन नराम्रो असर नेपालमा पर्न थालेको बताउँदै उहाँले भन्नुभयो, "मनाङलगायत जिल्लामा ठूलो भौतिक तथा मानवीय क्षति भएको छ, हामीले नखाएको विषको परिणाम हामीले भोगिरहेका छौँ ।"

विपद्का समयमा रेडियोको भूमिका महत्वपूर्ण हुने बताउँदै मन्त्री भुसालले भन्नुभयो, "विपद्का समयमा सबैभन्दा बढी प्रभावकारी एफएम नै हुन्छ । सूचना साझेदारीको काम गर्न तयार छौं । सूचनाको माध्यम रेडियो भएको छ ।" सरकार सामुदायिक रेडियोसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको उल्लेख गर्दै उहाँले जुनसुकै समयमा पनि सहजरूपमा रेडियो सुन्न सकिने भएकाले रेडियो प्रभावकारी सूचना प्रवाह गर्ने माध्यम भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सञ्चारमा सबैभन्दा प्रभावशाली रेडियो नै छ ।"

जनताको प्रगतिमा आफू निरन्तर लाग्ने विश्वास दिलाउँदै उहाँले भन्नुभयो, "समाजवाद उन्मुख समाज निर्माणको पहिलो दायित्व गरिबी निवारण नै हो ।" मन्त्री भुसालले जनताको दैनिक जीवनमा प्रभाव पार्ने विद्युत् २६ लाख घरपरिवारलाई निःशुल्क गरेको सुनाउनुभयो ।

कार्यक्रममा एकोऱ्याबका अध्यक्ष अर्जुन गिरीले कोभिड-१९ को सङ्क्रमण, भूकम्पको जोखिम एवं बाढी पहिरोका समयमा सामुदायिक एफएमहरूले महत्वपूर्ण योगादान गरेको उल्लेख गर्दै सामुदायिक रेडियोका समस्यालाई राज्यले सम्बोधन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ पत्रकार एवं फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले सामुदायिक रेडियोले प्रविधिमात्र नभई विषयवस्तुका सन्दर्भमा पनि विशेष ध्यान दिनुपर्ने समय आएको बताउँदै अभ्यासमा पनि सामुदायिक रेडियो भन्ने प्रमाणित गर्दै जानुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा जल तथा मौसम विज्ञान विभागका उपमहानिर्देशक कमलराज जोशीले सामुदायिक रेडियोसँग सहकार्य गरेर विपद्का सूचना प्रवाह गर्न विभाग तयार रहेको र त्यसका लागि प्रक्रिया अगाडि बढाउने बताउनुभयो ।

त्यसैगरी पूर्व अध्यक्षहरू मीनबहादुर शाही र सुवास खतिवडाले विपद्का समयमा रेडियोको भूमिका महत्वपूर्ण हुने भएकाले राज्यले सहकार्य गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । कार्यक्रममा बिबिसी नेपाली सेवाका प्रमुख जितेन्द्र रावतले श्रोताको आवश्यकतानुसार विषयवस्तु उत्पादन गर्न सक्दा नै रेडियोको जिम्मेवारी पूरा हुने बताउनुभयो ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौँ



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किन बढिरहेको छैन बिजुलीको माग ?

काठमाडौँ, २८ कात्तिक (रासस)।

पछिल्ला दिनमा देशभित्र बिजुलीको माग बढ्न नसकेको देखिएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार देशभित्रको कूल बिजुलीको माग एक हजार ३२२ मेगावाट मात्रै रहेको छ।

साँझको समयमा गणना गरिने उच्च माग (पिक डिमाण्ड) त्यति भए पनि दिउँसो र रातको समयमा बिजुलीको माग उल्लेख्यरुपमा बढ्न सकेको छैन। प्राधिकरणले एक हजार ८८९ मेगावाट घण्टा बराबरको बिजुली भारत निर्यात गरिरहेको छ। अघिल्लो सातादेखि प्राधिकरणले कूल ३९ मेगावाट बिजुली भारत निर्यात गरिरहेको छ।

प्राधिकरणले बिजुलीको खपत बढाउनका लागि उद्योगी व्यवसायीलाई १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत उपलब्ध गराउने घोषणा गरिसकेको छ। कूल २२० केभी क्षमताका प्रसारण लाइन धमाधम निर्माण भइरहेकाले १३२ केभी क्षमतासम्मका प्रसारण लाइनलाई वितरण लाइनमा परिवर्तन गर्न लागिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

प्राधिकरणको प्रणालीमा हाल निजी क्षेत्रका आयोजनाबाट उत्पादित बिजुलीको हिस्सा बढी छ। निजी क्षेत्रका कूल १०८ आयोजनाले बिजुली उपलब्ध गराउँदै आएका छन्। विवरणअनुसार प्रणालीमा प्राधिकरणका आयोजनाले पाँच हजार २३० मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ।

सहायक कम्पनीका आयोजनाले चार हजार ३३६ मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ। निजी क्षेत्रका आयोजनाले प्रणालीमा कूल १२ हजार ९७५ मेगावाट घण्टा बराबरको बिजुली उपलब्ध गराएको छ।

यस वर्षको तिहारको लक्ष्मीपूजाको दिन विद्युत्को उच्च माग (पिक डिमाण्ड) मात्रै एक हजार २७० मेगावाट मात्रै रहेको थियो। त्यस दिन पिक डिमाण्ड एक हजार ५०० मेगावाटको हाराहारीमा पुग्ने प्रक्षेपण गरिए पनि माग भने औसतमा नै रहन पुग्यो।

प्राधिकरणले लक्ष्मीपूजाको पिक समयमै ४८ मेगावाट विद्युत् भारत निर्यात गरेको थियो। चालू आर्थिक वर्षको अहिलेसम्मको पिक डिमाण्ड एक हजार ६१४.८ मेगावाट रेकर्ड गरिएको छ। यो विवरण गत असोज १० गतेको हो। सोही दिनको निर्यातसहित प्रणालीको अधिकतम विद्युत् माग एक हजार ७५८.८ मेगावाट थियो।

सरकारले बिजुलीको खपत बढाउनका लागि विद्युतीय चुल्होको प्रयोग र विद्युतीय सवारीको प्रवर्द्धनमा पनि उत्तिकै जोड दिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले 'विदेशी ग्यास छाडौँ, स्वदेशी बिजुली खपत' गरौँ भन्ने अभियान नै सुरु गर्नुभएको छ।

सोही योजनाअनुसार प्राधिकरणले नै अनुदानमा विद्युतीय चुल्हो उपलब्ध गराउने विषयमा नीतिगत तहमा छलफल गरिरहेको छ। स्पष्ट नीति, योजना र कार्यक्रम बनाएर अनुदानमा इन्डक्सन चुल्हो उपलब्ध गराउने सरकारको योजना छ। यसबाट खाना पकाउने ग्यासको आयात क्रमशः घट्ने र विद्युत्को खपत बढ्ने सरकारको विश्वास छ। पछिल्लो पटक नेपाल आयल निगमले मूल्यवृद्धि गरेपछि प्रतिसिलिण्डर ग्यासको मूल्य रु एक हजार ५७५ पुगेको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### सुरक्षा कारबाहीमा भारतको महाराष्ट्रमा २६ नक्साल विद्रोही मारिए

नयाँ दिल्ली, २८ कात्तिक (रासस/सिन्हवा)।

भारतीय प्रहरीको कारबाहीमा भारतको महाराष्ट्रमा कम्तीमा पनि २६ जना नक्सलाइट विद्रोही मारिएका जनाइएको छ।

महाराष्ट्रको गदचिरोली जिल्लामा भारतीय सुरक्षाकर्मीसँग नक्सलाइटको भीडन्त भएको थियो। सो भीडन्तमा परेर कम्तीमा पनि २६ जना नक्सलाइटको ज्यान गएको बताइएको छ। प्रहरीका अनुसार यसक्रममा अरु केही प्रहरी घाइते भएका बताइएको छ।

महाराष्ट्र प्रहरीका अनुसार उक्त जिल्लाको मार्दिनतोला जङ्गलमा सो भीडन्त भएको थियो। यस भीडन्तका क्रममा मारिएका २६ नक्सालको शव प्रहरीले फेला पारेको जनाएको छ।

कतिपय विद्रोही भागेका र अरु केही घाइते भएका छन्। सो जङ्गलमा उनीहरु लुकेर बसेका सूचनाका आधारमा प्रहरी त्यहाँ पुगेको बताइएको छ।

उक्त जङ्गलमा प्रहरीले केही अघिदेखि खोजी अभियान सञ्चालन गरिरहेको छ। त्यसक्रममा केही हप्ताअघि पनि प्रहरी र नक्सालबीच भीडन्त भएको थियो।

उक्त जङ्गलमा प्रहरी टोली पुगेपछि नक्सालले आक्रमण सुरु गरेका बताइएको छ। प्रहरीले ती नक्सालले प्रयोग गरेका हतियारहरु पनि बरामद गरेको जनाएको छ।

यी नक्साल भारतको मध्य तथा पूर्वीक्षेत्रमा पछिल्ला समयमा सक्रिय रही आएका छन्। ती क्षेत्रमा सुरक्षा व्यवस्था पनि कडा पारिएको भारत सरकारले जनाएको छ।

### हवाई आक्रमण परी १ सय ८६ हुथी विद्रोही मारिए

रियाद, २८ कात्तिक (रासस/एएफपी)।

यमनको मारिब र अल-बायदा प्रान्तमा हुथी विद्रोहीविरुद्ध साउदी नेतृत्वको गठबन्धनले गरेको हवाई आक्रमणमा परी १८६ जना मारिएका सरकारी स्रोतले शनिबार जानकारी दिएको छ।

एक दिनपछि यमनको दक्षिणमा भागमा पर्ने रेड सी बन्दरगाह शहर होडेडामा ३२ विद्रोही र नौ सरकार समर्थन सैनिक मारिएका सरकारी अधिकारीले बताएका छन्।

साउदी नेतृत्वको गठबन्धनले सरकारको अन्तिम गढ मारिब सहरमा विद्रोहीलाई हटाउने उद्देश्यले गत अक्टोबरदेखि लगभग दैनिकरुपमा गरेका हवाई आक्रमणमा उच्च सङ्ख्यामा विद्रोही मारिँदै आएका सरकारी स्रोतले जानकारी दिएको छ।

केही समययताबाट दैनिकरुपमा साउदी नेतृत्वको गठबन्धनले शुरु गरेको हवाइ आक्रमणमा तीन हजारभन्दा बढी विद्रोहीका मृत्यु भएको सरकारी स्रोतले जानकारी दिएको छ। तर इरान समर्थित हुथीले विरलै मात्र यस हताहतको टिप्पणी गर्ने गरेका पनि समाचारमा जनाइएको छ।

यद्यपी एएफपीले गठबन्धनको विद्रोही मृतकको तथ्याङ्कलाई स्वतन्त्ररूपमा प्रमाणित गर्न सकेको छैन्। गत शुक्रबार विद्रोहीले होडेडाको दक्षिणमा रहेको एउटा ठूलो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिएका थिए।

साउदी अरेबियाले इरान समर्थित हुथी विद्रोही विरुद्ध सन् २०१४ देखि हवाइ आक्रमण गरिरहेको छ। यमनको गृहयुद्धका कारण हजारौंको ज्यान गइसकेको छ भने लाखौं विस्थापित छन्।

### भारतमा सक्रिय सङ्क्रमितको संख्या २०२० को मार्चपछिकै सबैभन्दा कम

नयाँदिल्ली, २८ कात्तिक (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका सक्रिय सङ्क्रमितको सङ्ख्या धेरै कम देखिएको छ।

सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार भारतमा अहिले सन् २०२० को मार्चपछिकै सबैभन्दा थोरै सक्रिय सङ्क्रमित रहेका छन्।

उनीहरुका अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको कुल सङ्ख्या एक लाख ३५ हजार ९८१ रहेको छ।

"कुल सङ्क्रमितमध्ये अहिले एक प्रतिशतभन्दा कम मात्रै सक्रिय सङ्क्रमित रहेका छन्, यो सङ्ख्या पछिल्ला ५२२ दिन अर्थात १७ महिना पछिकै सबैभन्दा कम हो," केन्द्रीय स्वास्थ्य मन्त्रालयको वक्तव्यमा उल्लेख छ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा ११ हजार २७१ जना नयाँ सङ्क्रमित थपिएको पनि मन्त्रालयले जनाएको छ। मन्त्रालयका अधिकारीका अनुसार सोही अवधिमा कोरोनाभाइरसका कारण थप २८५ जनाको मृत्यु भएको छ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाको कुल सङ्ख्या चार लाख ६३ हजार ५३० पुगेको मन्त्रालयको विवरणमा उल्लेख छ।

पछिल्लो एक दिनमा नयाँ थपिएका सङ्क्रमितमध्ये छ हजार ४६८ जना केरला राज्यका मात्रै रहेका छन्। भारतमा कोरोनाका कारण अहिले सबैभन्दा बढी प्रभावित केरलामा एक दिनमा मात्रै २३ जनाको मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा भारतमा १२ लाख ५५ हजार ९०४ जनाको कोरोना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ।

# बद्री मण्डल नेपाल सदभावना पार्टीको सर्वमान्य नेता

**दैनिक समाचारदाता**
**राजबिराज, २८ कात्तिक ।**

एक समय नेपाल सद्भावना पार्टी नेपालका अध्यक्ष रही सकेका बद्री मण्डल अहिले सोही पार्टीका सर्वमान्य नेता बनेका छन् ।

गजेन्द्रनारायण सिंहले स्थापना गरेको नेपाल सद्भावना पार्टीलाई सबैले छाड्दै गएपछि पछिल्लो समय रामकुमार महतोले पुनर्गठन गरी सो पार्टीलाई सक्रिय बनाएका छन् ।

पार्टीका अध्यक्ष समेत रहेका महतोले बद्री मण्डललाई पार्टी प्रवेश गराइ सर्वमान्य नेता घोषणा गरेको सो पार्टीका सह महासचिव राजेश चौधरीले बताए ।

बद्री मण्डल सो पार्टीमा एउटा अभिभावकको रूपमा रहने बताउँदै उनले मण्डल आएपछि पार्टीको सांगठनिक कामहरू अझ तीव्र रूपमा अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

नेता बद्री मण्डलले आफू सुरुदेखि नै नेपाल सद्भावना पार्टीमा नै रहेको तर केही शीर्ष नेताहरूका कारण पार्टी विघटनको अवस्थामा पुगेको र अब यसलाई पुर्नजीवित गरी तराई मधेसको मुख्य पार्टी बनाउने उद्घघोष गरे ।

नेपाल सद्भावना पार्टी नेपालका संस्थापक अध्यक्ष



गजेन्द्रनारायण सिंहको निधन भएपछि मण्डल कार्यवाहक अध्यक्ष भएका थिए । पूर्व राजा ज्ञानेन्द्र शाहले कू गरी बनाएको सरकारमा मण्डल उपप्रधानमन्त्री बनेका थिए । राजालाई साथ दिएको भन्दै पार्टीमा उनको विरोध हुन थालेको थियो । राजविराजमा भएको चौथो महाधिवेशनबाट बद्री मण्डललाई पार्टीबाट हटाउने प्रयास भए पनि सत्तामा रहेको कारण त्यो सम्भव हुन सकेन । अन्ततः पार्टी विभाजन नै भयो । गजेन्द्रनारायण सिंहकी श्रीमतीलाई अध्यक्ष बनाएर नेपाल सद्भावना पार्टी (आनन्दी देवी) गठन गरियो ।

पछि विरोध बढ्न थालेपछि मण्डलले पनि पार्टी अध्यक्षबाट राजीनामा दिएर लक्ष्मण लाल कर्णलाई कार्यवाहक अध्यक्ष बनाएका थिए । कार्यवाहक अध्यक्ष रहेका कर्णले नेपाल सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दी देवी) बीच एकीकरण गराए । पछि सो पार्टीमा पनि निकै विवाद चलिरह्यो । विवाद सर्वोच्च अदालतसम्म पुग्यो । सर्वोच्च अदालतबाट नेपाल सद्भावना पार्टीको आधिकारिकता सरिता गिरीले पाइन् ।

उनले पछि तत्कालीन संघीय समाजवादी फोरम नेपालसँग एकीकरण गरिन् । उता, अर्को सद्भावना पार्टी राजेन्द्र महतोको नेतृत्वमा थियो । उनले पनि विभिन्न दलसँग एकीकरण गरी राजपा बनाए । यसरी गजेन्द्रनारायण सिंहले जन्माएका नेपाल सद्भावना पार्टी नेपाल विलय हुन पुग्यो ।

अहिले नेपाल सद्भावना पार्टीलाई रामकुमार महतोले निर्वाचन आयोगमा दर्ता गराएर पुर्नजीवित गरेर सक्रिय बनाउने प्रयास थालेको रातोपाटी डटकमले जनाएको छ ।

### *कार दुर्घटनामा ...*

अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक चिमोररियाले बताउनुभयो ।

प्रारम्भिक अनुसन्धानबाट गाडीमा सवार सबैले अत्याधिक मदिरा सेवन गरेको र चालकले पनि मदिरा सेवन गरेको खुलेको छ । मदिराकै कारण सवारी दुर्घटना भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

# शिक्षक सेवा आयोगको विज्ञापन मंसिरमा खुल्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ कात्तिक ।**

शिक्षक सेवा आयोगले चालु आर्थिक वर्ष २०७८/७९ को पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गरेको छ । आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार खुलातर्फको विज्ञापन आगामी मंसिर महीनामा खुल्नेछ ।

खुला विज्ञापनको सामान्य परीक्षा आगामी फागुनमा, विषयगत परीक्षा आगामी जेठमा हुनेछ । सामान्य परीक्षाको नतिजा २०७९ वैशाखमा र विषयगत परीक्षाको नतिजा २०७९ साउनमा प्रकाशन गर्ने आयोगको कार्यतालिका छ ।

त्यसपछि भदौमा अन्तर्वार्ता गरी असोजमा शिक्षक सिफारिस गर्ने आयोगले बताएको छ । प्राथमिक तहका शिक्षकको सिफारिस भने कात्तिकमा हुनेछ । यस अनुसार आगामी शैक्षिक वर्षको मध्यमा मात्र नयाँ शिक्षकहरु कक्षाकोठामा पुग्नेछन् ।

आयोगका प्रवक्ता सुर्दशन मरहट्टा परीक्षार्थी बढी हुन सक्ने भएकाले त्यही अनुसार कार्यतालिका तयार गरेको बताउँछलस्न् । उनी भन्छन् “विभिन्न चरणको परीक्षा हुने हो त्यसैले समय त लाग्छ नै । उम्मेदवार नै तीन लाख भन्दा बढी हुने हाम्रो अनुमान छ ।”

सात लाख जना भन्दा बढीले शिक्षण अध्यापन अनुमति पत्र लिएको आयोगले जनाएको छ । आयोगका अनुसार हालसम्म प्राथमिक तहमा दुई लाख दुई हजार ७१२ जनाले, निम्न माध्यामिक तहमा तीन लाख सत्तरी हजार १२ जनाले र माध्यामिक तहमा एक लाख ४४ हजार तीन सय ८१ जना गरी सात लाख १७ हजार एक सय पाँच जनाले लाइसेन्स लिएका छन् ।

आयोगले खुलातर्फ माध्यामिक तहमा एक हजार ४२ दरबन्दी, निम्न माध्यामिक तहमा एक हजार ९१३ दरबन्दी र प्राथमिक तहमा नौ हजार ६०१ रिक्त दरबन्दीमा विज्ञापन खुलाउने तयारी गरेको छ ।

आन्तरिक प्रतियोगितात्मक बढुवाको विज्ञापन पनि आयोगले मङ्सिरमा नै खोल्ने तयारी गरेको छ । शिक्षक सेवा आयोग नियमावली संशोधन नहुँदा विज्ञापन रोकिएको थियो । मंसिरभित्रै नियमावली संशोधन गरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको द्वितीय र प्रथम श्रेणीमा विज्ञापन खुलाउने तयारी रहेको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता मरहट्टाले मंसिरको तेस्रो हप्ताभित्र नियमावली संशोधन हुने र त्यसपछि विज्ञापन खोल्ने तयारी गरेको बताए । उनले भने “मंसिर तेस्रो हप्ताभित्र नियमावली संशोधन हुने र त्यसपछि विज्ञापन खोल्ने तयारी हो ।” नियमावली संशोधन गर्न बाँकी भएकोले गते नतोकेर महिना मात्रै उल्लेख गरी कार्यतालिका सार्वजनिक गरेको बताए ।

आयोगले करार सूची आगामी २०७९ सालको मङ्सिरमा सार्वजनिक गर्ने भएको छ । वार्षिक कार्यतालिका अनुसार अध्यापन अनुमतिपत्रको विज्ञापन आगामी चैतमा सञ्चालन गरी २०७९ असारमा परीक्षा सञ्चालन गर्ने र असोजमा नतिजा सार्वजनिक गर्ने तयारी छ । अध्यापन अनुमतिपत्र वितरण आगामी २०७९ साल मङ्सिरबाट हुने जनाइएको छ । अनलाइनबाट

# थप तीन सय ६ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजबिराज, २८ कात्तिक ।**

थप ३ सय ६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा आठ हजार ८ जनाको पिसिआर परीक्षण गर्दा २९१ जना र एक हजार ५९८ जनाको एन्टिजेन परीक्षण गर्दा १५ जना गरी ३०६ जनामा सङ्क्रमण पुष्टि भएको हो । आइतबार थपिएका सँगै नेपालमा कोरोना सङ्क्रमितको कूल संख्या नौ लाख १२ हजार ५३ पुगेको छ ।

पछिल्लो २४ घण्टामा ३४८ जना सङ्क्रमणमुक्त भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । योसँगै सात लाख ९८ हजार २७४ जना सङ्क्रमणमुक्त भएका छन् । हाल देशभर सक्रिय सङ्क्रमितको संख्या सात हजार २१५ जना रहेका छन् । जसमध्ये ६ हजार ६९९ जना होम आइसोलेशनमा रहेका छन् भने ५१६ जना संस्थागत आइसोलेशनमा रहेका छन् ।

मन्त्रालयका अनुसार कोरोनाका बिरामीमध्ये २२२ जना आइसियू र ६७ जना भेन्टिलेटरमा उपचारमा छन् । दश वर्षमुनिका ६ बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । एघारदेखि २० वर्ष उमेर समूहका २४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । गत २४ घण्टामा ६ जनाको मृत्यु भएसँगै नेपालमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ४७७ पुगेको छ ।

# काँग्रेसले तोक्यो प्रदेश अधिवेशनका लागि संयोजक

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ कात्तिक ।**

नेपाली काँग्रेसले पार्टीको १४ औं महाधिवेशन अन्तर्गत प्रदेश अधिवेशन सम्पन्न गर्नका लागि सातै प्रदेशमा संयोजक तोकेको छ ।

आइतबार काँग्रेस सभापति शेरबहादुर देउवाको निजी निवास बुढानिलकण्ठमा बसेको काँग्रेस केन्द्रीय समितिको बैठकले संयोजक तोकेको हो ।

निर्णयअनुसार प्रदेश १ को संयोजकमा कृष्ण सिटौला, २ मा रमेश रिजाल, बागमतीमा प्रकाशमान सिंह, गण्डकीमा गोपालमान श्रेष्ठ, लुम्बिनीमा बालकृष्ण खाँण, कर्णालीमा मुख्यमन्त्री जीवन बहादुर शाही र सुदूरपश्चिममा दिलेन्द्र बडूलाई संयोजक तोकिएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए ।

यस्तै बैठकले प्रदेश अधिवेशन गर्ने स्थान पनि तोकेको छ । जसअनुसार प्रदेश १ को अधिवेशन विराटनगरमा हुनेछ भने २ को जनकपुर,



बागमतीको हेटौडा, गण्डकीको पोखरा, लुम्बिनीको बुटवल, कर्णालीको सुर्खेत र सुदूरपश्चिमको धनगढीमा अधिवेशन हुनेछ ।

अधिवेशन गर्नका लागि बनाइएको समितिमा प्रदेशका सम्बन्धित केन्द्रीय, सांसद, प्रदेश संसदीय दलका नेता, स्थानीय तहका प्रमुख र उपप्रमुखहरू पदेन सदस्य रहनेछ । काँग्रेसको प्रदेश अधिवेशन मंसिर १६ र १६ गते हुँदैछ ।

# मूल्य वृद्धिको विरोधमा सिलिन्डर प्रदर्शन

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ कात्तिक ।**

पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको विरोधमा संयुक्त विद्यार्थी संगठनले आइतबार प्रदर्शन गरेको छ ।

काठमाडौंको प्रदर्शनी मार्गमा पाँच विद्यार्थी संगठनले ग्यास सिलिन्डरसहित प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा सहभागी विद्यार्थीहरुले “मलाई बल्न देऊ, आयल निगमका प्रमुख सुरेन्द्र पौडेललाई बर्खास्त गर, आयल निगमले व्यापार गर्न पाइँदैन, मूल्य वृद्धि चाहिँदैन” लगायतका प्लेकार्ड बोकेका थिए ।

मुल्य वृद्धि फिर्ताको माग गर्दै विद्यार्थीहरुले कात्तिक २५ देखि मंसिर ५ सम्मका चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।

राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*